म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २२२ २०८१ असार २० गते बिहीबार 4 July 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया,कालाजार,डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउन झिंगा,लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# १८ महिनापछि मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकार ढल्ने निश्चित

समाज संवाददाता

हेटौंडाः केन्द्रीय तहमा सत्ता समीकरण परिवर्तनसँगै बागमती प्रदेश सरकारमाथि पनि संकट देखिएको छ । केन्द्रीय तहमा एमाले-कांग्रेस गठबन्धन निश्चित बनेसँगै नेकपा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य शालिकाराम जम्कट्टेल नेतृत्वको सरकारमाथि संकट देखिएको हो ।

एमाले, एकीकृत समाजवादी, माओवादी केन्द्र र हाम्रो नेपाली पार्टीको गठबन्धनबाट सरकारको नेतृत्व सम्हाल्दै आउनुभएका जम्कट्टेलको पद नयाँ समीकरणको कारण ढल्ने निश्चितजस्तै भएको हो । नयाँ सत्ता समीकरणमा बागमती प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्ने सहमति बनेको अवस्थामा जम्कट्टेल नेतृत्वको सरकार टिकाउन निकै चुनौती छ ।



केन्द्रमा नयाँ गठबन्धन र सरकार बनेपछि प्रदेशमा समेत त्यसको प्रभाव पर्दै आएको छ । सत्ता समीकरण परिवर्तनसँगै जम्कट्टेलले ३ माघ २०७९ मा पहिलो पटक विश्वासको मत लिएका थिए भने एमालेले सरकार छाडेपछि १० चैतमा दोस्रो पटक र कांग्रेसले सरकार छोडेपछि १९ चैत २०८० मा तेस्रो पटक विश्वासको मत लिएर सरकार टिकाउँदै आएका छन् । तर, यसपटक भने उनको सरकार टिकाउन चमत्कार नै हुनुपर्ने देखिन्छ ।

सत्ता समीकरण परिवर्तनपछि कांग्रेस र एमाले सम्मिलित सरकार बनेपछि मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको माओवादी केन्द्र प्रतिपक्षमा पुग्ने निश्चित भएको छ । यद्यपि, अहिलेसम्म प्रदेश सरकारको परिवर्तनका विषयमा प्रदेशमा नेतृत्व गर्ने दलहरुले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । प्रदेशमा प्रतिनिधित्व गर्ने दलहरुले केन्द्रमा हुने घटनाक्रमका आधारमा प्रदेशमा पनि गतिविधि बढाउने तयारीमा छन् । जसका कारण मुख्यमन्त्री जम्कट्टेललाई केही राहत मिल्ने देखिन्छ ।

## जम्कट्टेलको सत्ता नेतृत्वको यात्रा

गत २०७९ पुस २५ मा एमाले, राप्रपा, माओवादी केन्द्र, एकीकृत समाजवादीको सत्ता समीकरणबाट मुख्यमन्त्री बन्नुभएका जम्कट्टेल समीकरण परिवर्तनसँगै ३ पटक सरकार जोगाउन सफल हुनुभयो । पहिलो पटक २०७९ माघ ३ मा सो गठबन्धनबाट विश्वासको मत लिएर सरकार टिकाएका जम्कट्टेलको लोकप्रियता निरन्तर खस्कँदै गएको देखिन्छ । माघ ३ मा कुल ११० सांसदमध्ये १०५ सांसदको समर्थन पाउनुभएका उहाँसँग राप्रपाको सहयात्रा ४२ दिनमा नै टुंगियो । तत्कालीन गठबन्धनबाट २०७९ फागुन १२ मा राप्रपा अलग भएपछि मुख्यमन्त्री जम्कट्टेलले पुनः संसदबाट विश्वासको मत लिनुपरेको थियो । सो समयमा राष्ट्रपति निर्वाचनका लागि भएको सत्ता समीकरणबाट राप्रपा अलग भएको थियो ।

सत्ताधारी दल माओवादी केन्द्रले कांग्रेस, एकीकृत समाजवादीसँग समीकरण निर्माण गरेपछि एमाले पनि सरकारबाट बाहिरिन बाध्य भयो । २०७९ चैत १० मा मुख्यमन्त्री जम्कट्टेलले संसदबाट दोस्रो पटक विश्वासको मत लिने समयमा एमाले सरकारबाट अलग हुँदै प्रतिपक्षमा पुगे र कांग्रेस सत्ता समीकरणमा प्रवेश गरेको थियो । सो समयमा मुख्यमन्त्री जम्कट्टेलले ६७ सांसदको समर्थन पाउनुभएको थियो ।

करिब १ वर्ष कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रको साझेदारीमा सरकार सञ्चालन भयो । अन्ततः २०८० फागुन २० मा पुनः समीकरण परिवर्तन भयो । सोपश्चात् फागुन २३ मा कांग्रेस सरकारबाट अलग भयो र प्रतिपक्षमा खडा भयो । त्यसलगत्तै बाध्यकारी परिस्थितिका बिच चैत १९ मा मुख्यमन्त्री जम्कट्टेलले पुनः विश्वासको मत लिनुभयो । सो समयमा उहाँले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको गठबन्धनबाट ५६ मा प्राप्त गर्नुभयो । जुन सरकार गठनका लागि आवश्यक सामान्य बहुमत हो ।

मुख्यमन्त्री जम्कट्टेलले १८ महिनाको अवधिसम्म प्रदेश सरकारको बागडोर सम्हाल्नुभएको छ । अहिले पनि उहाँको सरकारबाट कुनै दल पनि अलग भएको छैन । तर, सत्ता समीकरण परिवर्तन हुने निश्चित भएसँगै उहाँको सरकार टिक्ने अवस्था देखिँदैन ।

सत्ता गठबन्धन परिवर्तनसँगै पटक-पटक संकटको सामना गर्नुभएका मुख्यमन्त्री जम्कट्टेल यसपटक भने निकै अप्ठ्यारोमा पर्नुभएको छ । सोमबार राति बनेको कांग्रेस र एमालेको गठबन्धनका कारण उहाँको मुख्यमन्त्री पद धरापमा परेको हो । नयाँ समीकरणअनुसार अघि बढ्दा छिट्टै नै प्रदेशको सत्ताको चाबी उहाँको हातबाट खोसिने निश्चित छ ।

११० सदस्यीय बागमती प्रदेश सभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक रहेकोमा कांग्रेस र एमालेसँग गरेर ६४ सांसद रहेका छन् । बागमती प्रदेशसभामा सात राजनीतिक दलको प्रतिनिधित्व रहेकोमा सबैभन्दा ठूलो दल कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् ।

यस्तै, माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ जना सांसद छन् ।

# रितिकाले कक्षा ११ हेटौंडामै पढ्ने



समाज संवाददाता

हेटौंडाः एसईईमा ४ जीपीए हासिल गर्ने मकवानपुर जिल्लाकै एक मात्र विद्यार्थी रितिका छत्कुलीले कक्षा ११ हेटौंडामै पढ्ने हुनुभएको छ । कक्षा-११ मा विज्ञान विषय लिई हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसमा भर्ना हुने रितिकाले बताउनुभयो ।

कक्षा ११ र १२ मा विज्ञान विषय लिएर विश्वविद्यालय तहमा चिकित्सा विज्ञान अध्ययन गर्ने योजना रितिकाको छ । कक्षा-११ र १२ का लागि हेटौंडामै राम्रो पढाई हुने भएकोले हेटौंडामै पढ्ने निर्णय गरेको उहाँको भनाइ छ । चिकित्सा विज्ञान अध्ययनका लागि पूर्वतयारी कक्षा पनि सँगसँगै म्यानेजमेन्टले प्रदान गर्ने जानकारीका कारण पनि हेटौंडामै पढ्ने निर्णय लिएको रितिकाले बताउनुभयो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टले राम्रो अंक हासिल गरेकै कारण पूर्ण छात्रवृत्तिमा पढाउने जनाएको छ । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलबाट एसईईमा सहभागी भई ४ जीपीए हासिल गर्नुभएकी रितिकाले एसईईसम्म जेहेन्दार विद्यार्थीको रुपमा छात्रवृत्तिमै अध्ययन गर्दै आउनुभएको थियो ।

म्यानेजमेन्टका सहायक प्रिन्सीपल रामपण्डित खनालले एसईईमा ३.९ जीपीए भन्दा बढी अंक हासिल गरेका विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा पढाउने महाविद्यालयको नीति नै रहेको जानकारी गराउनुभयो । यसअघि पनि जिल्ला प्रथम हुने विद्यार्थी, राम्रो नतीजा हासिल गर्ने विद्यार्थीहरुको रोजाईमा हेटौंडा स्कूल अफ म्यानेजमेन्ट पर्दै आएको उल्लेख गर्नुहुँदै राम्रा विद्यार्थीलाई उच्च शिक्षामा राम्रो शिक्षा दिने र विश्वविद्यालय तहमा राम्रो अध्ययन गर्ने क्षमता विकास गर्ने गरी म्यानेजमेन्टले पठनपाठन गर्दै आएको उहाँको भनाइ छ । विद्यार्थी र अभिभावकले हेटौंडा स्कूल अफ म्यानेजमेन्टप्रति गरेको विश्वास नै महत्वपूर्ण सम्पत्ति भएको खनालले दावी गर्नुभयो ।

# मकवानपुरमा दुई सातामा बलात्कार तथा यौन दुर्व्यवहारका तीन मुद्दा


समाज संवाददाता

हेटौंडाः मकवानपुरमा दुई सातामा बलात्कार तथा यौन दुर्व्यवहारका तीन वटा घटना भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार यही असार ३ गतेदेखि १७ गतेसम्मको अवधिमा बलात्कार तथा यौन दुर्व्यवहारका तीन वटा घटना भएको हो ।

मकवानपुरको कैलाश गाउँपालिकाकी एक युवतीले आफुलाई करणी भएको भन्दै प्रहरीमा उजुरी दिएकी छिन् । असार ३ गते कैलाशका २० वर्षीय मनोज मोक्तानले आफुलाई ज्यान मार्ने धम्कीसहितको डरत्रास देखाई हेटौंडामा बोलाएर करणी गरेको पीडितको आरोप छ । अभियुक्त मोक्तान अझै फरार छन् । चितवन जिल्लाको भरतपुरमा युवतीमाथि मनोज मोक्तानका भिनाजुले यौन शोषण गर्दै आएको बुझिएको छ । मनोजकी दिदीले आफ्नो श्रीमानसँगको सम्बन्ध थाहा पाएपछि मनोजलाई युवतीलाई डर, धम्की देखाएर घटनाबारे चुपचाप गराउन भनिएको बुझिन्छ । मनोजले युवतीलाई समेत डर, धम्की देखाई हेटौंडाको होटलमा राखेर यौन शोषण गर्नुका साथै युवतीसँग पैसा समेत लिएको बताइएको छ । मनोजले मार्ने धम्की दिएपछि पीडित युवतीले आफ्ना अभिभावकलाई आफूमाथि भइरहेको शोषणको विषयमा जानकारी गराएपछि घटना प्रहरीसम्म पुगेको हो । प्रहरीले मनोजको खोजी गरिरहेको जनाएको छ ।

यस्तै प्रहरीमा दुई वटा बाल यौन दुर्व्यवहार र एक जबरजस्तीकरणीको घटना दर्ता भएको छ । मकवानपुरको मनहरी-३ स्थित एक विद्यालयका शिक्षक बालयौन दुव्यवहारको अभियोगमा पक्राउ परेका छन् । पक्राउ पर्नेमा सोही वडाका ४४ वर्षीय दिनेश उप्रेती रहेका छन् । १३ वर्षीया बालिकामाथि यौन दुर्व्यवहारको अभियोग लागेपछि शिक्षक उप्रेतीलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक प्रकाश साहका अनुसार असार १६ गते पीडित बालिकाले आफुमाथि शिक्षक उप्रेतीले दुर्व्यवहार गरेको भनेर प्रहरीमा उजुरी दिएकी थिइन् । उजुरी परेपछि प्रहरीले शिक्षक उप्रेतीलाई पक्राउ गरेर अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । उहाँका अनुसार शिक्षक उप्रेतीमाथि असार १७ गते सोमबारदेखि असार २३ गते आइतबारसम्मका लागि म्याद लिएर अनुसन्धान थालिएको छ ।

यस्तै मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा पनि एउटा बालिकालाई करणी गरेको भन्दै एकजना पक्राउ परेका छन् । पक्राउ पर्ने मकवानपुरगढी-६ का २६ वर्षीय रामजी विक रहेका छन् । असार ८ गते एक १५ वर्षीया बालिकालाई पैसाको प्रलोभन देखाई गरेको भन्दै प्रहरीमा उजुरी परेपछि प्रहरीले विकलाई सोही दिन पक्राउ गरेको थियो । भोलिपल्ट असार ९ गते विकलाई बालयौन दुर्व्यवहार सम्बन्धी मुद्दा चलाई प्रहरीले घटनामाथि अनुसन्धान सुरु गरेको छ । विकमाथि असार १५ गतेदेखि २० गतेसम्मका लागि दोस्रो पटक म्याद थप गरिरहेको छ । गएको जेठ महिनामा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ६ वटा जबर जस्तीकरणी र एक वटा बाल यौन दुर्व्यवहारको घटना दर्ता भएको थियो ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

हेटौंडा, मकवानपुर

# ढुलमुले सत्ता राजनीति

सोमबार मध्यरातमा मुलुकको राजनीतिक गठबन्धन फेरिएको छ । सत्ता गठबन्धनको नेकपा एमाले र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसबिच नयाँ गठबन्धन भएको हो । यो गठबन्धनले वर्तमान प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार धरापमा परेको छ । केन्द्रमा फेरिएको गठबन्धनले संघीय सरकार परिवर्तन भएपछि त्यसको असर सातै प्रदेशमा पर्ने निश्चित छ । हाम्रा राजनीतिक दल र तिनका नेतृत्वको ढुलमुले शैली र सत्तामोहले देशलाई निकै अस्थिर बनाइरहेको छ । राजनीतिक नेतृत्व यति अस्थिर बनिरहँदा आजको निर्णय आजसम्म मात्रै टिकाउन पनि मुस्किल बन्न थालेको छ । दलीय सिद्धान्त र एजेण्डामा अडिग रहन नसक्ने र दीर्घकालीन एजेण्डा नबोक्ने नेतृत्वकै कारण राजनीतिक अस्थिरता बढिरहेको छ । यसले राजनीतिक दलहरुमात्र नभई वर्तमान शासन व्यवस्थाप्रति नै अविश्वास बढिरहेको छ ।

सोमबार राति कांग्रेस र एमालेबिच सत्ता सहकार्यका लागि सहमति भएको छ । संविधान संशोधनसहितको एजेण्डामा कांग्रेस र एमालेबिच सत्ता सहकार्य यात्रा तय भएको हो । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । सहमतिअनुसार पहिलो चरणमा २ वर्षका लागि एमाले अध्यक्ष ओलीको नेतृत्वमा सरकार गठन गरिनेछ भने दोस्रो कार्यकाल देउवाको नेतृत्वमा सरकार गठन हुनेछ । नेपालको राजनीतिमा विभिन्न दलहरुबिच सत्ता गठबन्धन बनाउने र भत्काउने नियमित प्रक्रिया नै बनिसकेको छ । २०७९ सालको आम निर्वाचनबाट कुनै पनि दलले बहुमत नल्याउँदा सत्ता राजनीति अस्थिर बन्दै आएको छ । निर्वाचनको परिणाम प्राप्त भएपछि आफूलाई प्रधानमन्त्री बनाउन कांग्रेसका शेरबहादुर देउवाले र एमालेको सहयोग खोजेका थिए । तत्कालीन चुनावी गठबन्धनमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पहिलो कार्यकाल प्रधानमन्त्री चाहिने अडान राखेपछि देउवाले आफैं प्रधानमन्त्री बन्न एमालेको साथ खोजेका थिए । तर एमालेका ओलीले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बन्न सहयोग गरेपछि कांग्रेस प्रतिपक्षमा बस्यो ।

पछिल्लो १८ महिना माओवादीसँग गठबन्धन गरेर प्रधानमन्त्री प्रचण्डको काँध थाप्न कांग्रेस र एमालेबिच प्रतिस्पर्धा चल्यो । २०७९ पुसमा एमालेले काँध थापेर प्रधानमन्त्री बनेका प्रचण्डले करिब २ महिनामै एमालेको साथ छाडे । २०७९ फागुनमा एमालेको काँध फेरेका प्रचण्डले कांग्रेसलाई साथमा लिएर सरकार चलाए । एक वर्ष कांग्रेससँग मिलेर सरकार चलाएका प्रचण्डलाई २०८० फागुनदेखि फेरि एमालेले काँध हाल्यो । असार १७ मा आएर प्रधानमन्त्री प्रचण्डलाई काँधबाट झारेर कांग्रेस र एमालेले सत्ता सहकार्यका लागि सहमति गरे । पछिल्लो डेढ वर्षको घटनाक्रमले कांग्रेस, एमाले र माओवादी तीनवटै दल सत्ता र शक्तिका लागि जे पनि गर्न तयार रहेको बुझाउँछ । यिनलाई सहयोग गर्न साना र नयाँ दलसमेत अग्रसर बनिँदिँदा राजनीति अस्थिरता बढाउन थप बल पुगेको छ । रातारात अप्रत्यासित रुपमा बन्ने गठबन्धनका कारण कुन दल र नेताले कतिखेर कुरा फेर्छन् र को कता पुग्छन् अनुमानसमेत गर्न नसक्ने अवस्था बनिरहेको छ ।

राजनीतिक दल र तिनका नेतृत्व सत्ताका लागि जस्तोसुकै निर्णय वा सहमति गर्न तयार हुने गरेका कारण देश विकास र समृद्धिको पथमा अघि बढ्न सकेको छैन । देश र जनताका लागि राजनीति गरेको भन्नेहरु नै जनताको सुख, सुविधा र आकांक्षालाई बिर्सिएर सत्ता राजनीतिमा ढुलमुल बनिरहनु देश र जनताका लागि दुर्भाग्य हो । देश र जनताको स्वार्थभन्दा व्यक्तिगत र दलीय स्वार्थमा जोसँग जहिले पनि गठबन्धन गर्ने परिपाटी विकास समृद्धिको बाधक बनिरहेको छ । वर्तमान सरकारका काम कारबाही आफू अनुकूल नहुँदा अहिले एमालेले माओवादीसँगको गठबन्धन त्यागेर कांग्रेससँग गठबन्धन गरेको आम नागरिकको बुझाइ छ । आफूलाई अप्ठ्यारो पर्ने भएपछि कुनै न कुनै बहानामा गठबन्धन गर्ने वा फेर्ने परिपाटीको अन्त्य आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मनमा थकान र बोझको अनुभूति बढ्ने समय छ ।
**वृष** : धार्मिक तथा परोपकारजन्य कामबाट लाभ प्राप्त ।
**मिथुन** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ ।
**सिंह** : अध्ययन–अध्यपान मध्यमकारक छ ।
**कन्या** : धार्मिक तथा परोपकारजन्य काममा सरिक ।
**तुला** : जीवनसाथीको सहयोग प्राप्त हुने समय छ ।
**वृश्चिक** : कल्पना र भावनाका काममा रमाइने समय छ ।
**धनु** : विवाद र कलहमा नमुछिदा राम्रो रहने योग छ ।
**मकर** : माङ्गलिक कार्यमा सरिक भइने समयको योग रहेको छ ।
**कुम्भ** : सामाजिक दायित्व बढ्ने समय योग रहेको छ ।
**मीन** : अध्ययन–अध्यापनका काममा सरिक भइने समय योग

# मुकुलले बोलेको मुलुकको मर्म

**जस र अपजस स्वीकार्दै आफूलाई पनि सच्याएर लैजानुपर्छ भन्ने सोचबाट प्रतिवेदन र अभिव्यक्ति आएको हो भने जसरी आज उनको तारिफ भएको छ, कद अग्लिएको छ, अझ त्यो चुलिने छ। र समयले होनहार र साहसी नेताको रूपमा स्थापित गर्नेछ मुकुल ढकाललाई। अन्यथा अरूलाई दोष थुपारेर आफू पन्छिने रोग हो भने पुरानै संस्कारको निरन्तरता मात्रै हुनेछ**






✍ शम्भु सुस्केरा

असार १२ गते रास्वपा महामन्त्री डा. मुकुल ढकालले पार्टी सभापति रवि लामिछानेलाई बुझाएको प्रतिवेदन र सार्वजनिक भएका केही विषयले रास्वपा भित्र र बाहिर पनि तरङ्ग ल्याएको छ। र बाहिर पनि तरङ्ग ल्याएको छ । प्रतिवेदनका मूल विषय सार्वजनिक गरेको विषयमा सामाजिक सञ्जालमा ध्रुवीकरण सिर्जना भएको छ । यो ध्रुवीकरणलाई सकारात्मक, नकारात्मक र स्वाभाविक जसरी पनि लिन सकिन्छ, लिइएको छ। धेरैले भनेका छन्- महामन्त्री ढकालले ठिक गरे, एक दिन यस्तो हुनु नै थियो, पार्टीले गरेको निरन्तर गल्तीको कारण निराश बनेका पार्टी सदस्य, शुभेच्छुक र मतदातामा आशाको सञ्चार भएको छ ।

केही विचार आएका छन्- महामन्त्रीले भने जस्तो पार्टी बिरामी छैन । महामन्त्रीले अफवाह फैलाएर शुभेच्छुक, सदस्य र मतदाताको मनोबल गिराउने काम गरे। प्रतिवेदनको पृष्ठभूमि वा स्रोत के हो ? यसको अन्तर्यमा गयो भने विषय बुझ्न अलि सहज हुनेछ । सर्वप्रथमतः यो प्रतिवेदन कुनै रिसोर्टमा बसेर एक व्यक्तिले सम्झे, सोचेर लेखेको होइन । र यो महामन्त्रीको निजी वा मौलिक विचार पनि होइन। यसमा स्पष्ट हुनुपर्दछ ।

महामन्त्रीले प्रतिवेदन बुझाउनुअघि नै पंक्तिकारले रास्वपा स्थापना दिवसको सन्दर्भ पारेर सरकारका सय दिन र रास्वपाको जोखिमी यात्रा बारे समीक्षा गरेको थिएँ। त्यसमा महामन्त्रीले उल्लेख गरे जस्तै कतिपय ठ्याक्कै उही र उस्तै विषय छन् । हाम्रो समीक्षाको पृष्ठभूमि इलाम चुनावपछिको झापा, मोरङ, सुनसरी र इलामका रास्वपा नेता, सदस्य, मतदाता र शुभेच्छुकको विचार र महामन्त्रीको समीक्षा यात्रामा उठेका विचार प्रमुख थिए।

रास्वपा सचिवालयको निर्देशन अनुसार ३२ जिल्लाको ४९ स्थानमध्ये जेठ १३ र १५ गते झापाको बिर्तामोड, दमक, भद्रपुर र मेची गरेर ४ स्थानमा महामन्त्री ढकालले समीक्षा गरेका थिए। महामन्त्रीको समीक्षा ब्यानर कालो पृष्ठभूमिमा झण्डै इन्द्रेणी रङमाथि कालो घण्टी र सेता अक्षरहरू सहितको एक सुन्दर पुस्तकको कभर जस्तो धेरैले याद नगरेको बिम्बात्मक थियो। नीलो रङको पृष्ठभूमिमा सेतो अक्षर लेखिने रास्वपाको नियमित ब्यानरभन्दा फरक र नौलो थियो।

एउटा निश्चित विद्रोह वा फरक सोच प्रतिविम्बित भएको ब्यानरमा ४ वटा प्रश्नहरू लेखिएका थिए– हामीले कहाँ गल्ती गर्यौं ? कहाँ सही गर्यौं ? के गर्नु हुन्न ? अब के गर्नुपर्छ ? इलाम उपनिर्वाचन सहित यिनै विषयमा निर्मम समीक्षा भएको थियो ।

महामन्त्री आउनु अघि इलाम चुनाव र समग्र पार्टीका विषयमा औपचारिक, अनौपचारिक थुप्रै समीक्षा भएका थिए। झापाका पन्ध्रवटै पालिकाले संयुक्त रूपमा पार्टीप्रति साझा समीक्षा गरेको थियो । जुन लिखित रूपमा महामन्त्रीलाई बुझायो ।

महामन्त्रीको समीक्षा यात्रामा उपस्थित पार्टी सदस्य, स्थानीय नेताहरूले शुभेच्छुक र आम सदस्यको धारणा समेटेर निर्मम प्रश्न, आरोप, आक्रोश र निराशा व्यक्त गरेका थिए। र सुखद संयोग के थियो भने उपस्थित सबैको विचार एकै थियो ।

पार्टीले पाएको मत खबरदारीका लागि थियो सरकारका लागि थिएन, सरकारमा गए पनि बोलेको कुरा पूरा गर्न सकेन, सहकारीको भ्रम चिर्न आफूमाथि छानबिन गर भन्न सकेनन्, सरकारमा गएपछि संसद्मा फितलो प्रस्तुति भयो, दूध किसानका समस्या सुनुवाइ नभएको, सांसद र केन्द्रीय नेताहरूले स्थानीय नेता र नागरिकसँग भन्दा अन्यत्रै सम्बन्ध बनाएको, जनताका समस्याहरू सुनुवाइ नभएको, जन अपेक्षा अनुसार सांसद र नेताहरूको आचरण, व्यवहार र जीवनशैली अनुकरणीय नदेखिएको, सांसदहरू महङ्गा र चाकडीप्रिय भएका हुन् ?

सबै तहका पार्टी नेताहरूको सम्पत्ति सार्वजनिक हुनुपर्ने। केन्द्रले आफूबाहेक अरूलाई जान्ने नठानेका कारण देशव्यापी ग्राउण्डमा काम गर्नेसँग छलफल नगरी पटक-पटक विधान संशोधन वा संरचना परिवर्तन गर्ने गरेको, नो नट अगेनसँग अँगालो हाल्नुको सट्टा, बालेन शाह, गोपी हमाल एवं त्यस्तै व्यक्ति र शक्तिसँग सहकार्य वा एकता गर्नुपर्ने, प्रदेश खारेज गर्नुपर्ने लगायत थुप्रै विषय अभिव्यक्त भएका थिए ।

ल्याटरल इण्ट्रीका नाममा कतै नभेटिने महापुरुष खोज्ने कि आफ्नै संगठनमा असल मान्छे उत्पादन गर्ने, इलाम उपनिर्वाचनमा अघिल्लो दिनसम्म रास्वपालाई गाली गरिरहेको व्यक्तिलाई नै उम्मेदवार बनाएर नारा अनुसार जान्नेलाई छान्न नसकेको, अब जान्नेलाई होइन चरित्रवान् र इमानदारलाई छान्नुपर्ने, संगठन निर्माण, नेतृत्व प्रदान र उम्मेदवारी छनोटमा मापदण्ड नभएकाले पुराना दलका भोट किनबेचका व्यापारीहरूको समेत प्रवेश र अवसरले पार्टी डम्पिङसाइट बन्दै गएको, जसले जे गल्ती गरे पनि कारबाही गर्न नसक्ने अनुशासन आयोगको औचित्य नभएको ।

प्रहरीको सरुवा-बढुवामा प्रश्न उठिरहेकै छन्, सिडियो र प्रहरी प्रशासनको व्यवहार र आचरणमा परिवर्तन छैन, आफैंले बोले अनुसार जीबी राई नसमातिंदा रवि लामिछाने नै दोषी त होइन ? भन्ने शंका उत्पन्न हुन थालेको छ, तसर्थ "सरकारमा रवि" फ्लप भयो "गाउँबस्तीमा रवि" शुरू गरौं सुपरहिट हुन्छ। समीक्षा भएका सबै जिल्लामा यी र यस्तै प्रश्न र सुझावहरू अभिव्यक्त भए ।

तैपनि आफ्ना सुझाव केन्द्रसम्म नपुग्ला भन्ने चिन्ता व्याप्त थियो । यदि जनताको विचार पार्टीसमक्ष पुगेन वा सुनुवाइ भएन भने के गर्ने ? हूल बाँधेर काठमाडौं जाने र सभापतिसँग समीक्षा गर्ने भनेर अनौपचारिक सल्लाह समेत भएको थियो। त्यसकारण महामन्त्रीको प्रतिवेदन धरातलबाट आएको पार्टीको अक्सिजन हो भन्ने बुझ्न धेरै सोचिरहनुपर्दैन ।

दोस्रो, प्रतिवेदन सभापतिलाई बुझाएकै थियो । सभापति र नेताहरूले अध्ययन गरेर केन्द्रीय समितिमा निर्णय गरेपछि मात्रै सार्वजनिक गरेको भए हुने, पार्टीको आन्तरिक विषय यसरी छताछुल्ल गर्नु हुने थिएन। यो मत पनि स्वाभाविक सुनिन्छ ।

तर प्रतिवेदनको मूलभूत कुरा पार्टीले सिर्जना गरेको रणनीतिक वा पार्टीबाहेक अरूलाई थाहा नपाएको कुनै आन्तरिक विषय होइन। बरू यसको उल्टो पार्टीको केन्द्रलाई थाहा नभएको तर केन्द्रबाहेक सबैलाई थाहा भएको पार्टीभित्र अङ्कुराउन थालेको विकृत विषय थियो। र पार्टी सदस्य, स्थानीय नेता, मतदाता र शुभेच्छुकले बारम्बार उठाएका विषय थिए। यस्ता विषय कोबाट लुकाउनु थियो र आन्तरिक हुन्छ ?

गाउँघर, मेलापात, चियागफ, चौतारी, जन्ती, मलामी जता पनि व्यक्त भएको चिन्ता भएकाले यसको सार्वजनिकीकरणले आम चिन्ता र निराशालाई आशामा रूपान्तरण गरेको छ । बरू त्यो सार्वजनिकीकरणमाथि नकारात्मक प्रहार गरियो भने वा प्रतिवेदनको हृदय अनुसार निर्णय गरिएन भने जमिनीतहमा चिन्ता थपिनेछ ।

कोही आइदिए, हाम्रा कुरा सुनिदिए र सच्चिदिए हुनेथियो भन्ने आशमा बसेका आम रास्वपाकर्मीले महामन्त्रीको समीक्षाबाट राहत महसुस गरेका थिए। र अहिले महामन्त्रीको प्रतिवेदनपछि मनमा दीप प्रज्ज्वलन गरेका छन्। पार्टी बिग्रिने हो कि ? भन्ने चिन्ता अब पार्टी सप्रिनेछ भन्ने लाइनमा रुपान्तरण भएको छ। "मुकुलले मुलुकको कुरो बोल्यो, मनको कुरा बोल्यो" खेतीपातीमा व्यस्त किसानहरुमा चर्चा छ। सर्वेक्षण गरे देखिन्छ ।

त्यसोभए मुकुलप्रति कतिपय निर्मम आलोचना कताबाट किन आइरहेका छन् ? प्रश्न उठ्नसक्छ । एकातिर महामन्त्रीसँग व्यक्तिगत सम्बन्ध टुटेका, सम्बन्ध बन्न नसकेका र उहाँको व्यक्तिगत शैलीका कारण रुष्ट बनेका विभिन्न तहका रास्वपाकर्मीले सांगठनिक भन्दा व्यक्तिगत लाभहानिबाट प्रभावित भएर आलोचना गरेको देखिन्छ भने, कतिपयले केन्द्रीय समितिमा निर्णय गराएर महामन्त्री आफैंले सार्वजनिक गरेको भए उत्तम हुनेथियो भनेर निरपेक्ष विचार राखेको पनि देखिन्छ। ३२ पेजको प्रतिवेदनको केही मुख्य कुरा बाहेक धेरै कुरा गोप्य नै रहेको महामन्त्री ढकालको स्पष्टीकरण छ ।

कतिपयको तर्क छ हामी पुरानाहरुले गरेको राजनीतिक संस्कारबाट दीक्षित भएका कारण उनीहरुले जस्तै सबै कुरा लुकाउनुपर्छ भन्ने ज्ञानले गाइड गरेको छ त्यसैले आफ्नै प्रतिवेदनको सार पस्किंदा महामन्त्रीलाई गलत भनिरहेका छौं। बरू मुकुल ढकालकै सिको गरेर कुनै पनि समितिका प्रतिवेदनका मूल अंश यसैगरी संकेत गरिदिए मात्रै सार्वजनिक हुन बाध्य भई कार्यान्वयन हुनेछन् ।

पार्टी स्थापनाको उद्देश्य र आफ्नो वचनको लिक छाड्दा वा पालना नगर्दाको परिणाम इलाम उपनिर्वचनले देखाएकै हो। उपनिर्वाचन नआई एकैपटक २०८४ आएको भए के हालत हुनेथियो ? सहमहामन्त्री कविन्द्र बुर्लाकोटीसँग दमक समीक्षामा प्रश्नहरू गरिएकै हुन् ।

पार्टी बिरामी परेको कम्युनिकेशन डिजिजले हो वा ननकम्युनिकेशन डिजिजले भन्ने स्पष्ट हुन बाँकी छ । तर यसले उब्जाएको मूल प्रश्न के हो भने पार्टीलाई रोगको यात्रा गराउने मुख्य सारथि को को हुन् ? यो प्रश्नको जवाफ खोज्नुअघि मुकुल ढकालको त्यागको कुरा गरौं ।

मुकुल ढकालले रासकोट अस्पताल र पार्टी निर्माणमा रवि लामिछानेलाई घच्घच्याउने मान्छे म आफैं हुँ भनेका छन् कुनै सन्दर्भमा। पार्टी स्थापना गरेर पार्टीका सभापति, उपसभापति र अरू धेरैलाई सांसद बनाउन अहं भूमिका निर्वाह गरे, चाहेका भए समानुपातिकबाट सांसद र मन्त्री बन्न उनलाई कसैले रोक्न सक्दैनथ्यो । तर त्यसो गरेनन् । बरू आफ्नो सम्पूर्ण क्षमता र समय पार्टीमा लगाए। यसर्थ पार्टी, सांसद र ४ मन्त्रीका एक मुख्य सारथि उनी आफू पनि हुन्।

केन्द्रीय सदस्य गणेश कार्कीका अनुसार पार्टीका सबैजसो महत्वपूर्ण निर्णय महामन्त्रीले नै गराएका छन् । आफ्ना नजिकका दुई जनालाई सांसद बनाउन समानुपातिक सूचीमा अगाडि रहेका दीपक बोहोरा र आफूलाई पन्छाएका हुन् भनेर संगीन आरोप पनि लगाएका थिए उसैबेला।

२०७९ का पराजित उम्मेदवारहरूको आरोप छ पार्टी बन्ला नबन्ला, आजको अवस्था आउला नआउला कुनै सम्भावना नहुँदै पनि साथ दिएका आफूहरूलाई सम्मानपूर्वक संगठन निर्माणमा लगाउनुपर्थ्यो। तर महामन्त्रीले आफूहरुमाथि अपमानजनक अभिव्यक्ति दिएर पाखा लगाए ।

यसर्थ जस र अपजस स्वीकार्दै आफूलाई पनि सच्याएर लैजानुपर्छ भन्ने सोचबाट प्रतिवेदन र अभिव्यक्ति आएको हो भने जसरी आज उनको तारिफ भएको छ, कद अग्लिएको छ, अझ त्यो चुलिने छ। र समयले होनहार र साहसी नेताको रूपमा स्थापित गर्नेछ मुकुल ढकाललाई। अन्यथा अरूलाई दोष थुपारेर आफू पन्छिने रोग हो भने पुरानै संस्कारको निरन्तरता मात्रै हुनेछ । पार्टीको शल्यक्रिया त के प्राथमिक उपचार समेत सम्भव नहुन सक्छ।

*(लेखक रास्वपाका नेता हुन् । स्रोतः अनलाईनखबर)*

# भवन निर्माण भएपछि सेवा थप गुणस्तर हुनेः डा. पाण्डे

समाज संवाददाता

हेटौंडाः जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालयकी प्रमुख डा. ललिता पाण्डेले चिकित्सालयको भवन निर्माण सम्पन्न भएपछि सेवा थप गुणस्तर हुने बताउनुभयो। मंगलबार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा भएको आयुर्वेद सेवा प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उहाँले भवन निर्माण सम्पन्न भएपश्चात् सेवा थप गुणस्तरीय हुने बताउनुभएको हो ।

हेटौंडा-२ स्थित वनस्खण्डी टोलमा रहेको आयुर्वेदिक केन्द्रमा सेवा प्रदान गर्न ठाउँ सानो भएको उहाँको भनाइ छ । कार्यक्रममा पाण्डेले १६ शैयाको अस्पताल बनाउने निर्णय भइसकेको बताउनुभयो । हेटौंडा उपमहानगरपालिका अगाडि भएको पुरानो भवन भत्काएर अहिले नयाँ भवन बन्ने क्रममा छ । आयुर्वेद औषधीलाई सम्बोधन गर्दै उहाँले धेरै व्यापारीहरुले अन्य औषधीलाई आयुर्वेद औषधी भनी बेच्ने गरेको बताउनुभयो ।

कार्यक्रममा डा. पाण्डेले चालु आर्थिक वर्षमा भएको कार्य विवरणसम्बन्धी प्रस्तुतिकरण गर्नुभएको छ । जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्म १७ हजार ६ सय ८० जनालाई आयुर्वेदिक सेवा प्रदान गरेको पाण्डेले बताउनुभयो । मातहतका रहेका ५ वटा औषधालयबाट ३२ हजार ९ सय ९१ जनाले सेवा लिएका छन् ।

चिकित्सालयले चालु आर्थिक वर्षमा विभिन्न कार्यहरु गरेको छ। चिकित्सालयले हरेक सोमबार मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम गर्ने गरेको छ। मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन भएको पाण्डेको भनाइ छ। महिला स्वास्थ्य स्वयम्सेविकाहरुमा आयुर्वेद र आयुर्वेद सेवासम्बन्धी सचेतना अभिवृद्धि भइरहेको उहाँको भनाइ छ । नागरिक आरोग्य केन्द्रमार्फत् ग्रामीणस्तरका नागरिकहरुको जीवनशैलीमा परिवर्तन आएको छ भने आयुर्वेद तथा वैकल्पिक चिकित्साबारे चेतनासँगै पहुँचसमेत बढेको छ। पञ्चकर्म सेवा विस्तारसँगै चिकित्सा प्रभावकारी भएको भन्दै पाण्डेले पञ्चकर्म, अकुपन्चर र फिजियोथेरापी सेवा संयुक्त गर्दा बढी प्रभावकारी भएको बताउनुभयो ।

# एसईईमा उत्कृष्ट विद्यार्थी र शिक्षक सम्मानित

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले एसईई परीक्षामा वडाभित्रका विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र शिक्षकलाई सम्मान गरेको छ। कार्यक्रममा जिल्लामै ४ जीपीए ल्याउन सफल एकमात्र विद्यार्थी रितिका छत्कुलीलाई नगदसहित सम्मान गरेको हो ।

बुधबार वडा कार्यालयले सम्मान एवम् पुरस्कार वितरण कार्यक्रम आयोजना गर्दै छत्कुलीसहित वडाभित्रका विद्यालयमध्ये सबैभन्दा बढी जीपीए ल्याउने विद्यार्थीलाई पनि नगदसहित सम्मान गरेको छ । जिल्लामै ४ जीपीए ल्याउने एकमात्र विद्यार्थी छत्कुलीलाई १० हजार रुपैयाँ र प्रमाणपत्रसहित सम्मान गरिएको छ। वडाभित्रका सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी जीपीए ल्याउने आधुनिक राष्ट्रिय माविका बेबी मर्जिना खातुनलाई नगद २ हजार ५ सय एवम् अमित पटेल र अर्जुनकुमार महतोलाई जनही एक हजार २५० नगद र प्रमाणपत्रसहित सम्मान गरिएको छ। यस्तै, संस्थागत विद्यालयतर्फ वडामा सबैभन्दा बढी जीपीए ल्याउने छात्रतर्फ ब्रह्मदिक एकेडेमीका सौरनप्रसाद साह कलवार र छात्रातर्फ सत्यम जेभियर्स माविकी लिजा खुलाललाई जनही २ हजार ५ सय नगद र प्रमाणपत्रसहित सम्मान गरिएको हो ।

वडाभित्र रहेका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका ३४ जना शिक्षकलाई सम्मान गरिएको छ । एसईई परीक्षामा आफूले पढाएको विषयमा विद्यार्थीले ए प्लस ग्रेड प्वाइन्ट प्राप्त गरेका शिक्षकलाई प्रमाणपत्रसहित सम्मान गरिएको हो। यस्तै, एसईईमा ३.२० भन्दा बढी जीपीए ल्याएका २ सय ५८ जना विद्यार्थीलाई प्रमाणपत्रसहित सम्मान गरिएको छ।

शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ का अध्यक्ष श्रीराम दहालको सभाध्यक्षता र बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा प्रमुख अतिथि पौडेलले नेपालको परीक्षा प्रणाली परिवर्तन र सुधार गर्न आवश्यक रहेको बताउनुभयो । परीक्षा प्रणालीको सुधारबिना नतिजामा सकारात्मक परिवर्तन नहुने उहाँको भनाइ छ ।

कार्यक्रममा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख सीताराम कोइराला, आधुनिक राष्ट्रिय माविको विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहम्मद समीम, हेटौंडा क्याम्पसका क्याम्पस प्रमुख देवीराम लामा, स्थानीय राजनीतिकर्मी प्रदिप कोइराला, ४ नम्बर वडा सदस्य जनरल श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा ४ नम्बर वडाभित्रका विभिन्न विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीको सहभागिता थियो ।

# सरकारबाट बाहिरियो एमाले

काठमाडौंः संघीय सरकारबाट नेकपा एमाले बाहिरिएको छ । बुधबार अपरान्ह प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै एमालेबाट सरकारमा सहभागी आठ जना मन्त्रीहरुले प्रधानमन्त्री दाहालसमक्ष राजीनामा दिएका छन् ।

चार महिनाअघि कांग्रेसलाई विपक्षमा धकेलेर प्रमुख सत्ता साझेदार कारुपमा दाहाल नेतृत्वको सरकारमा सहभागी भएको एमाले अहिले आफ्नै नेतृत्वमा सरकार बनाउने तयारीसहित सरकारबाट बाहिरिएको छ ।

संसद्को दोश्रो ठूलो दल एमालेले पहिलो दल कांग्रेससँग मिलेर राष्ट्रिय सहमतिको सरकारको नेतृत्व गर्न लागेको हो । कांग्रेस र एमालेबीच सोमबार राति आलोपालो सरकारको नतृत्व गर्ने सहमतिसहित गठबन्धन गर्ने सहमति भएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै नेतृत्वमा नयाँ सरकार गठन हुने निश्चित भएपछि पार्टीबाट मन्त्रीहरुलाई बुधबार साँझ बालकोटस्थित निवासमा बोलाएर राजीनामा दिन भनेका थिए । लगत्तै मन्त्रीहरुले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर राजीनामा बुझाएका हुन् । वर्तमान सरकारमा एमालेबाट आठ जना मन्त्री थिए ।

उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, कृषिमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योगमन्त्री दामोदर भण्डारी, महिलामन्त्री भगवती चौधरी, खानेपानी मन्त्री राजेन्द्र राई र रक्षामन्त्री हरिप्रसाद उप्रेतीले राजीनामा दिएका हुन् । संविधानको धारा ७६ (२) अनुसार सरकार बनाउन आवश्यक बहुमत जुटिसकेको भन्दै एमाले र कांग्रेस दुवैले प्रधानमन्त्री दाहाललाई पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरेका छन् । *स्रोतः इकान्तिपुर ।*

# पोखरीमा डुबेर २ जना बालकको मृत्यु

## छतबाट खसेर गुरुङको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगर पालिका-६, डाँडाटोलमा पोखरीमा डुबेर २ जना बालकहरुको मृत्यु भएको छ । मृत्यु हुनेमा ९ बर्षीय अनिश कुमार र ६ वर्षीय संजल कुमार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मंगलबार घरमा कोही कसैलाई नसोधी घर भन्दा १ किलोमिटर पर रहेको चुरे उत्थान संस्थाले सिचाई गर्न खनेको पोखरीमा बालकहरु डुबेको अवस्थामा फेला परेका थिए । पोखरीबाट उद्दार गरी उपचारका लागि नगर हस्पिटल सिर्थौली लगिएकोमा दुवै बालकलाई डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। यस्तै चितवन जिल्लाको रत्ननगर नगरपालिका-१४, पिठुवामा छतबाट खसेर एकजना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ५५ बर्षीय बल बहादुर गुरुङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। मंगलबार बिहान ११ बजेर ५० मिनेटको समयमा चाउचाउ उद्योगमा कार्यरत गुरुङ काम गर्ने क्रममा २ तला माथिबाट खसेर शरीरको विभिन्न भागमा चोट लागी गम्भीर घाईते भएका थिए । घाइते गुरुङलाई उपचारका लागि स्थानीय बकुलहर अस्पताल टाँडी लगिएकोमा उपचारको क्रममा दिउँसो १२ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

मोटरसाइकल हराएको सूचना

हेटौंडा-५ निवासी शिवप्रसाद कलवारको नाममा रहेको मधेश प्रदेश ०३-२५ प ८६८१ नम्बर (इन्जिन नं. DKYCMJ34805, च्याचिस नं. MD2A13FX4MC180493) को मोटरसाइकल मिति २०८१/०२/१५ गतेका दिन हेटौंडा-४, हुप्रचौरस्थित सुप्रिया होटल नजिक पार्किङ गरिराखेको ठाउँबाट हराएको हुँदा कहिँ कतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः ९८५५०७००६३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




हार्दिक श्रद्धाञ्जली



जन्मः १९९६/०६/१२
देहावसानः २०८१/०३/१८

स्व. बद्री बहादुर पौडेल

मकवानपुर जिल्लाका बक्सिङ खेलका प्रशिक्षक लाल बहादुर पौडेलका पुजनीय बुबा **बद्री बहादुर पौडेल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुशील घिमिरे, अध्यक्ष
एवम् मकवानपुर जिल्ला बक्सिङ संघ परिवार
हेटौंडा, मकवानपुर

# हेटौंडा फुटबल एकेडेमीका ६ खेलाडी यु-१८ को विभागीय टोलीमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको हेटौंडा फुटबल एकेडेमीका खेलाडी विभागीय टोलीमा छनोट भएका छन् । एकेडेमीका ६ जना खेलाडीहरु यु-१८ सशस्त्र प्रहरी बल (एपीएफ)को विभागीय टोलीमा छनोट भएका हुन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा हुन लागेको क्लबस्तरीय राष्ट्रिय फुटबल लिग प्रतियोगिताका लागि फुटबल एकेडेमीका ६ जना खेलाडीहरु एपीएफ क्लबमा छनोट भएको क्लबका अध्यक्ष तथा एएफसी बी लाइसेन्स प्राप्त प्रशिक्षक भीम लामाले जानकारी दिनुभएको छ । क्लबका आवद्ध भएका हेटौंडा-४ का शक्तिमान थिङ, अभिन योञ्जन, मनहरी गाउँपालिकाका प्रजेश मोक्तान, हेटौंडा-१२ का विश्वास भोलन, हेटौंडा-१५ का अस्मिर गोङ्बा र मकवानपुरगढी गाउँपालिकाका विकास तितुङ राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएको प्रशिक्षक लामाले बताउनुभयो ।

एकेडेमीका प्रशिक्षक लामाले क्लबमा ३ वर्षदेखि प्रशिक्षण लिँदै आएका एपीएफको छनोट प्रतियोगितामा सहभागी हुनयोग्य ६ जना खेलाडीहरुलाई काठमाडौं पठाएको उहाँले बताउनुभयो । एपीएफको छनोट प्रतियोगितामा सहभागी भएका ६ जना नै छनोटमा पर्न सफल भएको बताउनुहुँदै एकेडेमीका खेलाडीहरुले पनि क्लबस्तरीय राष्ट्रिय लिग प्रतियोगितामा सहभागी जनाउन पाएमा उहाँले खुशी व्यक्त गर्नुभयो ।

एपीएफको १८ वर्ष उमेर समूहको टिममा मकवानपुरका विभिन्न पालिकाहरुका खेलाडीहरु सहभागी भएका छन् । काठमाडौंमा करिब ५ दिन भएको छनोट प्रतियोगिताबाट अन्य जिल्लाका खेलाडीहरुसँग प्रतिस्पर्धा गरेर मकवानपुर का खेलाडीहरु विभागीय टिममा पर्न सफल भएको उहाँको भनाइ छ । छनोट प्रतियोगितामा मकवानपुरका खेलाडीहरुले अन्य जिल्लाबाट आएका खेलाडीहरुसँग प्रतिस्पर्धा गरेको उहाँले बताउनुभयो ।

एपीएफ क्लबमा समावेश भएका खेलाडीहरुले अन्य खेलाडीहरु विदेशिने क्रम बढ्दै गएको खण्डमा नेपालकै राष्ट्रिय टिममा सहभागी हुने राम्रो अवसर प्राप्त गर्ने उहाँको भनाइ छ । मकवानपुरका खेलाडीहरुलाई एपीएफको बन्द प्रशिक्षणमा सहभागी भएर नयाँ अनुभव हासिल गर्ने मौका प्राप्त भएको उहाँले बताउनुभयो । बन्द प्रशिक्षणमा सहभागी भएका खेलाडीहरु ४ महिनासम्म एपीएफ क्लबमा समावेश हुने उहाँले बताउनुभयो । प्रशिक्षणमा मकवानपुर जिल्लाका ६ जना खेलाडीहरुसहित अन्यगरी ३० जना खेलाडीहरु सहभागी भएको उहाँले बताउनुभयो । एन्फाले आयोजना गर्न लागेको राष्ट्रिय लिग प्रतियोगितामा एपीएफसहित अन्य विभिन्न विभागीय क्लबहरुको सहभागिता रहनेछ ।

प्रशिक्षक लामाले खेलाडीहरुलाई लामो समयदेखि प्रशिक्षण दिँदै आएको नतिजा प्राप्त हुने अपेक्षा गरेको बताउनुभयो । फुटबल एकेडेमीको माध्यमबाट खेलाडी उत्पादन गर्नका लागि विभिन्न प्रतियोगितामा सहभागी गराउँदै आएकाले पनि अहिले ६ जना खेलाडीहरु विभागीय टोलीमा पर्न सफल भएको उहाँको भनाइ छ । विगत ९ वर्षदेखि फुटबल प्रशिक्षण दिँदै आउनुभएको प्रशिक्षक लामाले थुप्रै राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्न सफल हुनुभएको छ ।

मकवानपुरको विभिन पालिकाहरुका खेलाडीहरुलाई प्रशिक्षण दिँदै आउनुभएका लामाले खेलाडीहरुको आकर्षण बढाउनका लागि आफ्नै खर्चमा जिल्लाले आयोजना गरेको र बाहिरी जिल्लाले अयोजना गरेको प्रतियोगितामा सहभागी गराउने गर्नुभएको छ । खेलाडीहरुको मनलाई बुझ्रेर र उनीहरुको रुचि, क्षमतालाई मूल्याङ्कन गरेर प्रशिक्षण दिन सकेमा खेलाडीहरु राष्ट्रिस्तरको प्रतियोगितामा समावेश हुनसक्ने उहाँले दावी गर्नुभयो ।

हेटौंडा-४ स्थित हुप्रचौरमा हुने फुटबल प्रशिक्षणमा दैनिक ७० जनाको हाराहारीमा खेलाडीहरु आउने गरेको उहाँले बताउनुभयो । मकवानपुर जिल्लामा महिला खेलाडीहरुलाई पनि विशेष प्राथमिकता दिने उद्देश्यले महिलालाई पनि प्रशिक्षण दिने गरेको उहाँले बताउनुभयो । महिला खेलाडीहरुलाई फुटबलप्रति रुचि बढाउनका लागि विभिन्न प्रतियोगितामा सहभागी गराउने, खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्ने, प्रदेश, स्थानीय र संघीय सरकारले बजेट विनियोजन गर्नुपर्ने उहाँको भनाइ छ । फुटबल खेल्न इच्छुक महिला खेलाडीहरुलाई पनि प्रशिक्षक लामाले प्रशिक्षण दिने गरेको बताउनुभयो ।

जिल्लामा महिला खेलाडीको संख्या निकै कम रहेको भन्दै महिला खेलाडीलाई सबैले प्रोत्साहन गर्नुपर्ने उहाँले बताउनुभयो । समाजका मानिसहरुले खेल क्षेत्रलाई राम्रो दृष्टिकोणले नहेर्ने भन्दै महिला खेलाडीको हौसला बढाउनुको सट्टा महिलाको मजाक उडाउने गरेको बताउनुभयो । अभिभावक एवम् विद्यालय, कलेजले खेलाडीहसँग सकारात्मक व्यवहार गर्नुपर्ने र महिला खेलाडीका लागि लगानी गर्नुपर्ने उहाँको भनाइ छ ।

## एमाले मकवानपुरमा ५ जना मानोनित

# पालिका इन्चार्ज, विभाग र मोर्चा संगठनको इन्चार्ज तोकियो

समाज संवाददाता

हेटौँडाः नेकपा एमाले मकवानपुरले जिल्ला कमिटीमा ५ जनालाई मनोनित गरेको छ । गत जेठ तेस्रो साता सम्पन्न १२ औं जिल्ला अधिवेशनबाट निर्वाचित जिल्ला कमिटीको बुधबार बसेको दोस्रो बैठकले नरहरि महत, बुद्धिराम डिम्डुङ, रामचन्द्र स्याङ्बो, प्रेमबहादुर पुलामी र नमूना पाण्डेलाई जिल्ला कमिटी सदस्य मनोनित गरेको हो ।

जिल्ला अधिवेशनबाट अध्यक्ष श्रीधर पोखरेलसहित १०६ सदस्यीय जिल्ला कमिटी निर्वाचित भएको थियो । ५ जना सदस्य मनोनित गरेसँगै नेकपा एमालेको जिल्ला कमिटी १ सय ११ सदस्यीय बनेको छ । बैठकले वार्षिक कार्ययोजना पनि पारित गरेको छ । पार्टी केन्द्रीय कमिटीको १२ बुँदे निर्देशनमा आधारित रहेर जिल्लाका १० वटै पालिकालाई केन्द्रित गरी पार्टीको संगठन, विचार, जनसंगठन, समृद्धि, विकास र निर्माणको क्षेत्रलाई समेटेर वार्षिक कार्ययोजना बनाइएको अध्यक्ष पोखरेलले बताउनुभयो । जिल्ला सचिवालय भने अर्को बैठकले गठन गर्ने नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले जानकारी दिनुभएको छ ।

बुधबार नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयमा बसेको बैठकले पालिकाका इन्चार्ज र सहइन्चार्ज तोकेको छ । नेकपा एमालेको हेटौँडा उपमहानगरपालिका इन्चार्जमा अनिल कुमार पाण्डे, सहइन्चार्जमा रमिला सापकोटा, शिवहरि दाहाल, मिलन पाठक र प्रतिमा श्रेष्ठलाई जिम्मेवारी दिएको छ । थाहा नगरको इन्चार्जमा बिमल ढकाल, सहइन्चार्जमा हरि गोपाली र डम्बर लामालाई जिम्मेवारी दिइएको छ ।

मनहरी गाउँपालिकाको इन्चार्जमा हेमलाल उप्रेती, सहइन्चार्जमा मनिला विष्ट र वीरेन्द्र डीसी, बागमती गाउँपालिकाको इन्चार्जमा राजकुमार तिमल्सिना, सहइन्चार्जमा उत्तम पौडेल र जयबहादुर वाईबा, बकैया गाउँपालिकाको इन्चार्जमा नारायण तिमल्सिना, सहइन्चार्जमा बेलप्रसाद दाहाल र सरला बोलखेलाई जिम्मेवारी दिइएको छ ।

मकवानपुरगढी गाउँपालिकाको इन्चार्जमा विदुर हुमागाई, सहइन्चार्जमा मेम्बर लो र खिलप्रसाद चौलागाई, भीमफेदी गाउँपालिकाको इन्चार्जमा जहारसिं लामा, सहइन्चार्जमा प्रकाश पौडेल र चेतकुमारी पुडासैनी, ईन्द्रसरोवर गाउँपालिकाको इन्चार्जमा ऋषि पुडासैनी, सहइन्चार्जमा धनवीर स्याङ्तान, बुद्धिराम डिम्डुङ र राजन ठकुरीलाई जिम्मेवारी दिइएको छ । यस्तै कैलाश गाउँपालिकाको इन्चार्जमा बच्चुराम ढुंगाना र सहइन्चार्जमा छेकु लामा, राक्सिराङ गाउँपालिकाको इन्चार्जमा बाबुलाल स्याङ्तान, सहइन्चार्जमा सुन्तलीमाया चेपाङ र सिंहलाल प्रजालाई जिम्मेवारी दिइएको नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले जानकारी दिनुभयो ।

यस्तै बैठकले पार्टीको २१ वटा विभागमा प्रमुख र उपप्रमुख तथा २२ वटा मोर्चा संगठनको इन्चार्ज र सह-इन्चार्ज तोकेको छ । यसका साथै पार्टीले मकवानपुर जिल्लाका १ सय २ वटै वडामा जिल्ला कमिटी सदस्यहरुलाई पार्टी परिचालनको जिम्मेवारी दिइएको पोखरेलले जानकारी दिनुभयो ।

बैठकमा पार्टीको सदस्यता वृद्धिको योजना पनि प्रस्तुत भएको नेकपा एमाले मकवानपुरकी सचिव सीता विष्टले जानकारी दिनुभयो । पार्टीको केन्द्रीय निर्देशनअनुसार जिल्लाको कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउनुपर्ने जानकारी दिनुहुँदै सचिव विष्टले भन्नुभयो, "मकवानपुरमा अहिले नेकपा एमालेमा ११ हजार मतदाता छन् । पार्टीको केन्द्रीय निर्देशनअनुसार कुल मतदाताको ६ प्रतिशत सदस्य अर्थात् करिब १८ हजार सदस्य बनाउनुपर्ने देखिन्छ । एक बर्षभित्र मकवानपुर जिल्लामा एमालेको सदस्य संख्या ७ हजार थप्नुपर्ने छ ।"

# आजबाट मिलन-धर्मराज स्मृति फुंटबल सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिता आज बिहीबारबाट सुरु हुने भएको छ । सिमपानी युथ क्लबको आयोजनामा मकवानपुरको मनहरी गाउँपालिकामा प्रतियोगिता हुन लागेको हो ।

गाउँपालिकाको वडा नम्बर ८ स्थित सिमपानी मैदानमा हुने प्रतियोगिताको उद्घाटन खेलमा बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिकाको सिमरा युथ क्लब र नमुना युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ । दुई टिमबीचको खेल दिउँसो १ बजेदेखि सुरु हुनेछ ।

प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमी, बागमती पुलिस, कैलाश आरएम, एमडीवाईसी बारा, इन्द्रकुमार युथ क्लब, हासु एफसी मनहरी, एफसी मिनथा, इन्टरमेट सिटी र भोरलगरी टोल विकास संस्था गरी १२ टिमको सहभागिता रहनेछ ।

गाउँपालिकाको पूर्वफुटबल खेलाडी मिलन र धर्मराजको स्मृतिमा यस वर्षबाट प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ । स्कुटर दुर्घटनामा निधन भएका धर्मराजको स्मृतिमा प्रतियोगितालाई निरन्तरता दिने लक्ष्य रहेको उहाँले आयोजकको दावी छ । प्रतियोगिता आयोजनाका लागि गाउँपालिकाबाट सामग्री सहयोग प्राप्त भएको छ ।


प्रतियोगिताका लागि स्थानीय क्रसर व्यवसायी र अन्य व्यक्तिहरुबाट पनि सहयोग प्राप्त भएको छ । प्रतियोगितामा सहभागी हुने टिमका लागि गाडी भाडाको व्यवस्था आयोजकले गर्ने बताइएको छ । विभिन्न स्थानका खेलाडीहरुबीच भातृत्व कायम गराउन, राष्ट्रिय खेलाडी उत्पादन गर्न र फुटबल खेलको महत्वबारे बुझ्राउन प्रतियोगिता आयोजना गर्न लागेको जनाइएको छ । फिफाको नियमअनुसार सञ्चालन हुने प्रतियोगितामा सहभागी प्रतियोगीहरुले कुनै प्रकारको झ्रै-झ्रगडा गरेमा प्रतियोगिताबाट बाहिरनेछन् । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँ र उपविजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल असार ३१ हुनेछ ।


# बाटोबाट लडेर ताम्राकार घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, कलङ्कीमा बाटोमा हिँड्ने क्रममा लडेर एकजना घाइते भएका छन । घाइते हुनेमा डडेल्धुरा घर भई हाल कुलेखानी भिलेज रेष्टुरेन्टमा सुरक्षा गार्डको काम गर्ने २५ वर्षीय राजेन्द्र ताम्राकार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार बेलुका ७ बजेको समयमा ताम्राकार पैदल हिँड्दै रेष्टुरेन्टमा काम गर्न जाने क्रममा बाटोबाट तल झ्ररी घाइते भएका थिए । ताम्राकारको शरीरको भित्री भाग र निधारमा चोट लागेको थियो । ताम्राकारलाई उपचारका लागि शहीद मेमोरियल अस्पताल कलङ्की काटमाडौं पठाइएको प्रहरीले जनाएको छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ